श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४१ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आय कर ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः आय कर ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आय कर (चौथो संशोधन) ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आय कर ऐन, २०३१ को दफा २ मा संशोधनः आय कर ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः—

"(ढ) "खुद आय" भन्नाले कुनै व्यक्तिले आर्जन गरेको आयमा आय आर्जन गर्ने सम्बन्धमा यस ऐनबमोजिम कटाउन पाउने खर्च कटाई सकेपछिको बाँकी रहेको रकम सम्झनुपर्छ र सो शब्दले दफा ३३ को उपदफा (२) अनुसार कायम गरिएको खुद आयलाईसमेत जनाउँछ ।"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ५क. मा संशोधनः मूल ऐनको दफा ५क. को,–

(१) उपदफा (१) मा रहेको "प्राइभेट फर्म, साझेदारी, कम्पनी, नेपाल एजेन्सीसम्बन्धी कानून वा अन्य प्रचलित नेपाल कानूनबमोजिम दर्ता गर्नु पर्ने भनी तोकिएको" भन्ने वाक्यांश झिकिएका छन् ।

(२) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:–

"(५) उपदफा (३) बमोजिम प्रमाणपत्र पाएको व्यक्तिले प्रत्येक आर्थिक वर्ष शुरू भएको मितिले तीन महीनाभित्र दर्ता नवीकरणको लागि सम्बन्धित कर कार्यालयमा निवेदन दिनु पर्नेछ र कर अधिकृतले दर्ता नवीकरण गरी प्रमाणपत्रमा सो जनाई दिनु पर्नेछ ।

(६) अस्थायी बासिन्दा वा गैरनेपाली नागरिकलाई उपदफा (३) बमोजिम प्रमाणपत्र दिंदा कर अधिकृतले आवश्यक सम्झेको रकम धरौटी वा धनजमानी लिन सक्नेछ ।"

४. मूल ऐनमा दफा ५ख. थपः मूल ऐनको दफा ५क. पछि देहायको दफा ५ख. थपिएको छ:–

"५ख. दर्ताको प्रमाणपत्र पेश गराउन सक्नेः श्री ५ को सरकारले कुनै कारोवार गर्ने करदातालाई दफा ५क. को उपदफा (३) बमोजिमको दर्ताको प्रमाणपत्र पेश गराउन सक्नेछ ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ मा देहायको स्पष्टीकरण थपिएको छ:–

"स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "प्राप्त गरेको" भन्नाले करदाताको आम्दानीमा भएको वृद्धि वा लेखामा आम्दानी जनाएकोलाई सम्झनुपर्छ ।"

६. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को खण्ड (क) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:–

"तर औषधि भत्ता, औषधि उपचार खर्च, दैनिक वा भ्रमण भत्ता, लुगा भत्ता, दुर्गमस्थान भत्ता, विदेश भ्रमणमा प्रतिनिधिमण्डलको पाकेट खर्च, नेता भत्ता, तोकिएबमोजिमको विदेश भत्ता, भैपरी आउने खर्च, सोधभर्नाको रूपमा पाएको रकम काम लगाउने संस्थाले दिएको टेलिफोन तथा परिवहन सुविधाको रकम तथा श्री ५ को सरकार, सरकारी वा अर्धसरकारी संस्थानहरू, सार्वजनिक हितको काम गर्ने संस्थाहरू र तोकिएको अन्य संस्थाले प्रदान गरेको उपदान, निवृत्तभरण, विभूषण, तक्मा वा पदकबापतको रकमसमेत पारिश्रमिक आयमा समावेश गरिनेछैन ।"

५२५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा १२मा संशोधन: मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः–

"(ञ१) विज्ञापन तथा अतिथि सत्कार खर्चबापत तोकिएबमोजिम बढीमा कुल आयको क्रमशः दुई र एक प्रतिशत रकम ।"

८. मूल ऐनमा दफा १२क. थपः मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः–

"१२क. पेट्रोलियम उद्योग र सहकारी संस्थाको आय निर्धारण र खुद आय निकाल्ने तरीकाः दफा ७ र १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि पेट्रोलियम उद्योग र सहकारी संस्थाबाट भएको आय निर्धारण र त्यस्तो आयबाट खुद आय निकाल्ने तरीका तोकिएबमोजिम हुनेछ ।"

"स्पष्टीकरणः यस ऐनको प्रयोजनको लागि "पेट्रोलियम उद्योग" भन्नाले नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिमको पेट्रोलियम कार्य सम्झनुपर्छ" ।

९. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) आफ्नै आयश्रोत नभएका छोरा छोरी दुई जनासम्मको पढाइको लागि लागेको खर्चबापत प्रत्येकको निमित्त पारिश्रमिकको पाँच प्रतिशत ।

तर पति र पत्नीको छुट्टा छुट्टै कर निर्धारण हुने भएमा पति वा पत्नीमध्ये पढाइ खर्च व्यहोर्नु पर्नेको पारिश्रमिक आयबाट मात्र सो खर्च कट्टा गरिनेछ ।"

१०. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः

"(घ) बहालमा लगाएको घर निर्माण वा मर्मतको लागि प्रचलित कानून बमोजिम स्थापना भएको वित्तीय संस्थासंग लिएको ऋणमा तिरेको प्रमाणित व्याज रकम ।"

११. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५मा देहायका प्रतिबन्धात्मक वाक्यांश थपिएका छन्:–

"तर,

(१) कुनै आय वर्षमा के कति नोक्सानी भयो भन्ने सम्बन्धमा खुद नोक्सानीको निर्धारण खुद आय निर्धारण गर्ने प्रक्रिया सरह कर अधिकृतले गर्नेछ । आय विवरण पेश नगरेकोमा खुद नोक्सानीको निर्धारण गरिनेछैन ।

५२५ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पेट्रोलियम उद्योगको लागि बाहेक प्रचलित कानूनबमोजिम आय कर नलाग्ने गरी छूट पाएको अवधिको खुद नोक्सानीलाई त्यसपछिको आय कर लाग्ने अवधिको खुद आयबाट कट्टी गरिनेछैन ।

(३) पेट्रोलियम उद्योगको लागि नोक्सानी सारी कट्टा गर्ने तरीका तोकिए बमोजिम हुनेछ ।"

१२. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको अन्तिम हरफमा देहायको वाक्यांश थपिएको छ :–

"दफा २७ को उपदफा (१) बमोजिम तीन महीनाको थप म्याद लिएकोमा यस उपदफाबमोजिमको म्याद थप हुनेछैन ।"

१३. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) करदाताको आय विवरण प्राप्त भएपछि कर अधिकृतले सो विवरणको आधारमा खुद आय निश्चित गरी आय विवरण प्राप्त भएको वर्षको लगत्तै पछिको आर्थिक वर्षभित्र कर निर्धारण गरी सक्नुपर्नेछ । उक्त अवधिभित्र कर निर्धारण गर्न नसकिएमा कर अधिकृतले कारण खुलाई महानिर्देशकलाई सूचना दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि महानिर्देशकले दुई वर्षसम्मको म्याद थप गर्न सक्नेछ । उक्त थप म्यादभित्र पनि कर निर्धारण गर्न नसकिएमा त्यसको कारण खुलाई कर अधिकृतले महानिर्देशकलाई पुनः सूचना दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त भएपछि महानिर्देशकले आय विवरण पेश भएको मितिले चार वर्षभित्रै कर निर्धारण गर्नु पर्ने गरी आवश्यकता अनुसार पटक पटक गरी म्याद थप गर्न सक्नेछ ।

तर यो उपदफा प्रारम्भ हुनभन्दा अघि आय विवरण दाखिल भै कर निर्धारणको कारवाही भैरहेका करदाताको हकमा आय विवरण पेश भएको मितिले पाँच वर्षभित्रै कर निर्धारण गर्नु पर्ने गरी त्यस्तो म्याद थप गर्न सक्नेछ ।"

१४. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः–

"(२क) उपदफा (२) बमोजिम निवेदन दिने करदाताले निर्धारित करको एक-तिहाई रकम धरौटी राख्नु पर्नेछ ।"

१५. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर करदाताले दफा ५७ बमोजिम कर अधिकृतको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन दिएमा महानिर्देशकसमक्ष निवेदन दिन सक्ने छैन ।"

४२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल ऐनको दफा ३५ क. मा संशोधन : मूल ऐनको दफा ३५ क. को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) उपदफा (१) वा (२) बमोजिम अग्रिम कर दाखिल गर्ने करदाताहरू-मध्ये यो उपदफा प्रारम्भ हुनुभन्दा अघि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा अग्रिम कर दाखिल गरेको मितिले पाँच वर्षभित्र र यो उपदफा प्रारम्भ भएपछि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा अग्रिम कर दाखिल गरेको मितिले चार वर्षभित्र कर निर्धारण नभएमा त्यस्तो करदाताले पेश गरेको विवरण अनुसार दाखिल गरेको अग्रिम कर नै यस ऐनबमोजिम निर्धारित कर मानिनेछ ।

तर–

(१) यो उपदफा प्रारम्भ हुनुअघि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा कर दाखिल गरेको मितिले पाँच वर्षभित्र र यो उपदफा प्रारम्भ भएपछि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा कर दाखिल गरेको मितिले चार वर्षभित्र कर निर्धारणको सिलसिलामा कर अधिकृतले त्यस्तो करदातालाई कर कार्यालयमा उपस्थित हुन वा कुनै प्रमाण पेश गर्न आदेश दिएकोमा करदाता उपस्थित नभएमा वा निजले प्रमाण पेश नगरेमा त्यस्तो करदाताको हकमा यो उपदफा लागू हुनेछैन । यसरी करदातालाई कर कार्यालयमा उपस्थित हुन आदेश दिंदा आदेशको सूचना राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा प्रकाशित गरिकन पनि दिन सकिनेछ ।

(२) उपदफा (१) वा (२) बमोजिम करदाताले झुट्टा आय विवरण दाखिल गरेमा दफा ५६ बमोजिम पुनः कर निर्धारण गर्न वा अतिरिक्त कर निर्धारण गर्न बाधा पर्नेछैन ।"

१७. मूल ऐनको दफा ३६ मा संशोधन : मूल ऐनको दफा ३६ को उपदफा (१) मा रहेको "आय कर नलाग्ने" भन्ने शब्दहरूको सट्टा "आय कर लाग्ने" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल ऐनको दफा ३७ मा संशोधनः मूल ऐनको दफा ३७ को उपदफा (३) मा रहेको "निम्नलिखित तरीका" भन्ने शब्दहरूको सट्टा "निम्नलिखित कुनै वा सबै तरीका" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को खण्ड (ग) मा रहेको "अग्रिम" भन्ने शब्दको सट्टा "अग्रिम वा स्रोतमा" भन्ने शब्दहरू राखिएका छन् ।

२०. मूल ऐनको दफा ४२ मा संशोधन : मूल ऐनको दफा ४२ को उपदफा (२) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"यसरी कर छूट भएको तोकिएको उद्योगको औद्योगिक आयको हकमा कर अधिकृतले छुट्टै कर निर्धारण गरी त्यस्तो छूट दिनेछ ।"

८२६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मूल ऐनको दफा ४३ मा संशोधन : मूल ऐनको दफा ४३ को उपदफा (१) मा रहेको "खुद आयको" भन्ने शब्दहरूको सट्टा "करदाताले देखाएको खुद आयको" भन्ने शब्दहरू राखिएका छन् ।

२२. मूल ऐनमा दफा ४४क. थप: मूल ऐनको दफा ४४ पछि देहायको दफा ४४क. थपिएको छ:

"४४क. बक्यौता कर मिह्रा गर्ने: श्री ५ को सरकारले तोकिएको अवस्थामा तोकिए बमोजिम बक्यौता कर मिह्रा गर्न सक्नेछ ।"

२३. मूल ऐनको दफा ४७ मा संशोधन: मूल ऐनको दफा ४७ को सट्टा देहायको दफा ४७ राखिएको छ:–

"४७. ठेक्का धरौटी फुकुवा गर्ने: (१) प्रचलित कानून वा ठेक्का कबुलियतमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय वा अन्य कुनै संस्थाले कुनै व्यक्ति वा संस्थासंग एक लाख रूपैयाँभन्दा बढीको ठेक्का बन्दोबस्त गरेकोमा त्यस्तो ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा सो भुक्तानी हुने रकमको पाँच प्रतिशतले हुने रकम अग्रिम आय कर बापट कट्टा गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अग्रिम आय कर बापत कट्टा गरेको रकम र प्रचलित कानूनबमोजिम अन्य कुनै कर लाग्ने भए सो समेत कर कार्यालयमा दाखिल गरेपछि ठेकदारले राखेको धरौटी ठेक्का दिने कार्यालय वा संस्थाले फिर्ता दिन सक्नेछ ।

(३) कर अधिकृतले यो ऐनबमोजिम कर निर्धारण गर्दा उपदफा (२) बमोजिम प्राप्त हुन आएको अग्रिम आय कर रकम बढी हुन आएमा सो बढी रकम जति ठेकदारलाई फिर्ता दिनेछ र नपुग भएमा त्यस्तो नपुग कर रकम ठेकदारबाट असूल उपर गर्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी बासिन्दा वा गैरनेपाली नागरिकले दश हजार रूपैयाँ भन्दा बढीको ठेक्का लिएकोमा सम्बन्धित कर कार्यालयको कर भुक्तानी वा कर फुकुवा प्रमाणपत्र पेश नगरेसम्म धरौटी रोक्का राख्नु पर्नेछ । धरौटी नरहने ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा ठेक अङ्कको पाँच प्रतिशतले हुने रकम अग्रिम आय कर बापत कट्टा वा असूल गरी लिनु पर्नेछ ।"

२४. मूल ऐनको दफा ५१ मा संशोधन: मूल ऐनको दफा ५१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर नेपालमा कार्यरत विदेशी व्यक्ति, संस्था, कम्पनी वा निजका शाखा प्रशाखा, बिक्री संस्थानको तर्फबाट पेश गर्ने आय विवरण तथा लेखामा नेपाली नागरिक चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गरेको हुनु पर्नेछ ।"

२५. मूल ऐनमा दफा ५१ ख. थप: मूल ऐनको दफा ५१क. पछि देहायको दफा ५१ख. थपिएको छः–

"५१ख. खाताबही र बिक्री बिलमा निस्सा लगाउनेः (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको करदाताहरूले कारोबारको लेखा राख्न प्रयोग गर्ने खाताबही र बिक्री बिल (सेल्समेमो) मा कर अधिकृतको निस्सा लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निस्सा लागेको खाताबही र बिक्री बिल प्रयोग भए नभएको सम्बन्धमा कर अधिकृतले आवश्यकतानुसार जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका करदाताहरूले एक पटकमा पच्चीस हजार रूपैयाँभन्दा बढी रकमको भुक्तानी लिनु वा दिनु पर्दा बैंक मार्फत भुक्तानी लिनु दिनु पर्नेछ । यसरी बैंकमार्फत भुक्तानी नभएको रकमलाई खुद आयतर्फ समावेश गर्न सकिनेछ ।"

२६. मूल ऐनको दफा ५२ मा संशोधनः मूल ऐनको दफा ५२ पछि देहायको स्पष्टीकरण थपिएको छः–

"स्पष्टीकरणः यो दफाको प्रयोजनको लागि "सूचना" भन्नाले करदातालाई सम्बोधन गरी कर अधिकृतले लेखेको पत्र वा आदेशलाई सम्झनुपर्छ ।"

२७. मूल ऐनको दफा ५३ मा संशोधनः मूल ऐनको दफा ५३ को अन्तमा रहेको "प्रमाण लाग्नेछैन" भन्ने शब्दहरूपछि "र अन्तिम कर निर्धारण हुन अगावै श्री ५ को सरकारको अनुमति बिना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानको लागि माग गर्न समेत पाउनेछैन" भन्ने शब्दहरू थपिएका छन् ।"

२८. दफा ५७ मा संशोधन : मूल ऐनको दफा ५७ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर करदाताले दफा ३४ को उपदफा (२) बमोजिम महानिर्देशकसमक्ष निवेदन दिएमा वा दफा ३५ को उपदफा (४) बमोजिम महानिर्देशकसमक्ष निवेदन दिएमा कर अधिकृतले दिएको आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछैन ।"

२९. मूल ऐनको दफा ५८ मा संशोधनः मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५८. लेखा मान्य नहुने : देहायबमोजिमको लेखा यस ऐनको प्रयोजनको निमित्त मान्य हुनेछैन :–

(क) दफा ३१क. बमोजिम कागजात वा विवरणहरू पेश नगरिएको,

(ख) दफा ४६ को उपदफा (५) बमोजिम श्री ५ को सरकारले तोकेको तरीका र भाषामा नराखेको,

(ग) दफा ५१ बमोजिम लेखा परीक्षण नगरिएको,

(घ) दफा ५१ख. बमोजिम कर अधिकृतको निस्सा लगाउनु पर्नेमा निस्सा नलगाएको,

(ङ) दफा ५६ को उपदफा (२) मा तोकिएको कुनै वा सबै अवस्थाको।"

३०. मूल ऐनको दफा ५८ क. मा संशोधनः मूल ऐनको दफा ५८क. मा रहेको "पुनरावेदन" भन्ने शब्दको सट्टा "पुनरावेदन वा निवेदन" भन्ने शब्दहरू राखिएका छन् ।

३१. मूल ऐनको दफा ५८ख. मा संशोधनः मूल ऐनको दफा ५८ख. मा रहेको "कर निर्धारण गर्ने" भन्ने शब्दहरूपछि "वा दफा ३३ को उपदफा (१) बमोजिमको म्यादभित्र कर निर्धारण नगर्ने" भन्ने शब्दहरू थपिएका छन् ।

३२. मूल ऐनको दफा ५९ मा संशोधनः मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छः–

"५९. आय विवरण दाखिल नगर्नेलाई सजायः (१) दफा २७ मा तोकिएको म्यादभित्र आय विवरण दाखिल नगर्ने करदातालाई लाग्ने करको वार्षिक अढाइ प्रतिशतका दरले जरीवाना हुनेछ ।

(२) दफा २८ बमोजिमको आदेश अनुसारको म्यादभित्र आय विवरण दाखिल नगर्ने व्यक्तिलाई लाग्ने करको वार्षिक पाँच प्रतिशतका दरले जरीवाना हुनेछ ।

तर यस उपदफा बमोजिमको जरीवाना हुनेमा उपदफा (१) बमोजिम जरीवाना हुनेछैन ।

(३) उपदफा (२) बमोजिम आय विवरण दाखिला नगर्ने करदातालाई कर अधिकृतले आय विवरण दाखिला नगरेसम्म देहायको कुनै वा सबै कारवाई गर्न सक्नेछः–

(क) करदाताको चल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने,

(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको सङ्गठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने,

५३० अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) करदाताको कारोबार वा निकासी पैठारी रोक्का गर्ने ।

तर खण्ड (क), (ख) वा (ग) बमोजिमको कारवाई गर्न कर अधिकृतले स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) दफा २७ वा २८ बमोजिमको म्यादभित्र आय विवरण दाखिला नगर्ने करदाताको दफा ३३ को उपदफा (२) बमोजिम कर निर्धारण गर्नु परी सोही दफाको उपदफा (४) बमोजिम म्याद दिइएकोमा त्यस्तो म्याद-भित्र केही कुरा भन्न वा सबूद प्रमाण पेश गर्न नआउने करदातालाई लाग्ने करको वार्षिक सात प्रतिशतका दरले जरीवाना हुनेछ ।

(५) उपदफा (४) बमोजिम जरीवाना हुनेमा उपदफा (१) र (२) बमोजिम जरीवाना हुनेछैन ।

(६) उपदफा (१), (२) र (४) अनुसार जरीवानाको अङ्क कायम गर्दा लाग्ने कर रकमबाट दाखिल भै सकेको अग्रिम कर कट्टा गरी असूल गर्न बाँकी करको रकमबाट मात्र जरीवानाको अङ्क कायम गरिनेछ ।

(७) उपदफा (१), (२) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरू अनुसार जरीवानाको अङ्कको गणना गर्दा आय वर्ष समाप्त भएको मितिले तीन महीना नाघेको मितिदेखि गणना गरिनेछ र सो जरीवानाको अङ्क बुझाउन बाँकी करको पच्चीस प्रतिशत भन्दा बढी हुनेछैन ।"

३३. मूल ऐनको दफा ६६ मा संशोधन : मूल ऐनको दफा ६६ को उपदफा (२) मा रहेको "कारवाई हुनेछ" भन्ने शब्दहरूको सट्टा "कर निर्धारण र असूल उपर गरिनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।७।२७।२

४३१ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।